(सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) तथा सुचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८३ साउन १ गते देखि असोज मसान्तसम्ममा सम्पादित प्रमुख कृयाकलापहरु (स्वतः प्रकाशन) को विवरण

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंहदरबार, काठमाडौं।

१. पृष्ठभूमिः 1
२. मन्त्रालयको कार्य विभाजनः 1
३. मन्त्रालयको संगठनात्मक संरचनाः 3
४. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बरः 3
५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु 4
६. मन्त्रालय सम्बद्धराष्ट्रिय गौरवका आयोजनाहरु : 4
८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी : 5
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी : 5
१०. सूचना अधिकारी प्रबक्ता र प्रमुखको नाम पद 5
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : 5

१. पृष्ठभूमिः

विकासको मेरुदण्डको रुपमा रहेको ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रलाई समायोजित तरिकाले द्रुत विकास गरी देशको सामाजिक-आर्थिक रुपान्तरण गर्ने एक प्रमुख साधनको रुपमा नेपालको जलस्रोतको दिगो उपयोग गर्दै ऊर्जा तथा सिंचाइ क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरु हासिल गर्ने, सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाइ सुविधा पुर्याउने, ऊर्जा सङ्कटलाई न्यूनिकरण गर्ने, निराकरण गर्ने र विद्युत ऊर्जालाई देशको मुख्य ऊर्जाको रुपमा अगाडि बढाउने सोचका साथ ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने मुख्य दायित्व ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको रहेको छ । नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार साविकको ऊर्जा मन्त्रालय र सिंचाइ मन्त्रालय तथा सो मातहतका निकायहरुका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय गठन भएको छ ।

२. मन्त्रालयको कार्य विभाजनः

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन ।

१. जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन ,
२. जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माणसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन
३. जलस्रोतको बहुउपयोग सम्बन्धी एकीकृत नीति, कानून र मापदण्ड
४. सिंचाइसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन
५. नदी बेसिन योजना र जल उपयोगसम्बन्धी गुरुयोजना र नियमन
६. जलस्रोत, ऊर्जा, सिंचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास
७. प्रमुख नदीहरुको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमीनको संरक्षण, व्यवस्थापन र उपयोगसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
८. अन्तर जलाधार पानी स्थानान्तरण
९. जलस्रोतसम्बन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन
१०. ऊर्जा, जलस्रोत र सिंचाइ क्षेत्रसँग सम्बन्धित निकायहरुसँगको समन्वय
११. संघीय र अन्तरप्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउदेश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन

१२. संघीय र अन्तरप्रादेशिक सिंचाइ र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनको पहिचान, अध्ययन, निर्माण र नियमन

१३. ऊर्जा, जलस्रोत र सिंचाइसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरुको पुनर्बास र पुनर्स्थापना

१४. संघीय र अन्तरप्रदेश सिंचाइ प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मुल नहरको सञ्चालन, मर्मत-संभार, व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन

१५. प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग

१६. ऊर्जा, जलस्रोत र सिंचाइसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान

१७. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार

१८. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत व्यापार सम्बन्धी नीति, कानुन, मापदण्ड, सन्धि सम्झौता कार्यान्वयन र नियमन

१९. राष्ट्रिय महत्वका बहुउदेश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण

२०. विद्युत सेवाको मापदण्ड, गुणस्तर र महसुल सम्बन्धी नीति र नियमन

२१. विद्युत सेवाको राष्ट्रिय र क्षेत्रीय भार प्रणाली व्यवस्थापन र सञ्चालन

२२. नवीकरणीय र वैकल्पिक उर्जाको उपयोग, गुणस्तर र मापदण्ड

२३. विद्युत विकासमा लगानी

२४. जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानून, मापदण्ड, तथ्याङक, योजना, कार्यान्वयन र नियमन

२५. मौसम तथा बाढी पूर्वानुमान

२६. विपद पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण

२७. जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना आदन प्रदान

२८. जल तथा मौसमी राडार, रेडियोसोन्डे, चट्यान नेटवर्क, सौर्य विकीरण केन्द्रहरुको व्यवस्थापन र सूचना प्रवाह

२९. हिमनदी तथा हिमताल

३०. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय

३१. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

३२. नेपाल इन्जिनियरिङ्ग सेवाअन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन

क) इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह

ख) मेकानिकल इन्जिनियरिङ्ग समूह

ग) मेटेरियोलजी समूह

घ) जियोलोजी समूहको हाइड्रोजियोलजी उपसमूह र इन्जिनियरिङ्ग जियोलजी उपसमूह

ङ) एगृ इरिगेशन इन्जिनियरिङ्ग समूह

च) सिभिल इन्जिनियरिङ्ग समूहको इरिगेशन, हाइड्रोपावर र हाइड्रोलजी उपसमूह ।

३. मन्त्रालयको संगठनात्मक संरचनाः



४. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बरः

सि. नं.	सचिवालय/महाशाखा	जिम्मेवार अधिकारी	फोन नं.
१	ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री	श्री विराज भक्त श्रेष्ठ	४२११५१३/५१८
२	सचिव	डा. जगदिश्वर कर्माचार्य	४२११५१६
३	प्रशासन महाशाखा	सहसचिव श्री रुद्रसिंह तामाङ	४२००३३
४	कानून तथा फैसला कार्यान्वयन महाशाखा	सहसचिव श्री यज्ञप्रसाद भट्टराई	४२००३१
५	जलस्रोत महाशाखा	सहसचिव श्री सुशीलचन्द्र आचार्य	४२००१२
६	योजना महाशाखा	सहसचिव श्री मोहन कुमार शाक्य	४२११५०९
७	ऊर्जा महाशाखा	सहसचिव श्री सुनिल पौडेल	४२११५३६

५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु

(क) ऊर्जातर्फ

- विद्युत विकास विभाग
- नेपाल विद्युत प्राधिकरण
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
- विद्युत उत्पादन कम्पनी लिमिटेड
- राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड
- जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

ख) जलस्रोत तथा सिंचाइतर्फ

- जलस्रोत तथा सिंचाइ विभाग
- जल तथा मौसम विज्ञान विभाग
- जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र

६. मन्त्रालय सम्बद्ध राष्ट्रिय गौरवका आयोजनाहरु :

(क) ऊर्जातर्फ

- बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड

(ख) जलस्रोत तथा सिंचाइतर्फ

- सिक्टा सिंचाइ आयोजना
- बबई सिंचाइ आयोजना
- रानीजमरा कुलरिया सिंचाइ आयोजना
- भरी-बबई डाईभर्सन बहुउदेश्यीय आयोजना
- सुनकोशी-मारिन डाइभर्सन बहुउद्देश्यीय आयोजना
- महाकाली सिंचाई आयोजना

७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुर :

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम र

२. अन्य बिशेष कानुनले तोके बमोजिमको दस्तुर

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधि :

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र

२. अन्य विषेश कानूनले अवधि तोकेकोमा सोही बमोजिमको

८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :

प्राप्त उजूरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारबाँहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाईने ।

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- सचिव डा. जगदिश्वर कर्माचार्य

१०. सूचना अधिकारी प्रबक्ता र प्रमुखको नाम पद

प्रमुख	सचिव डा. जगदिश्वर कर्माचार्य
प्रवक्ता	सहसचिव श्री मोहन कुमार शाक्य
सूचना अधिकारी	सि.डि.इ. श्री राजु महर्जन
सहायक प्रवक्ता	सि.डि.इ. श्री शालिग्राम भण्डारी

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- नेपालको संविधान
- ऐनः
  १. विद्युत नियमन आयोग ऐन, २०७४
  २. विद्युत चोरी नियन्त्रण ऐन, २०५८
  ३. विद्युत ऐन, २०४९
  ४. जलस्रोत ऐन, २०४९
  ५. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१

- नियमावलीः
  १. विद्युत नियमन आयोग नियमावली, २०७६
  २. विद्युत चोरी नियन्त्रण नियमावली, २०५९
  ३. सिंचाइ नियमावली, २०५६
  ४. जलस्रोत नियमावली, २०५०
  ५. विद्युत नियमावली, २०५०

- नीतिहरूः
  १. जल तथा मौसम विज्ञान नीति, २०८१
  २. ग्रीन हाइड्रोजन नीति, २०८०
  ३. राष्ट्रिय सिँचाइ नीति, २०८०
  ४. राष्ट्रिय जलस्रोत नीति, २०७७
  ५. राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५
  ६. जलविद्युत विकास नीति, २०५८

१२. सम्पादन भएका मुख्य मुख्य काम र सूचकहरूको विवरण

यस अवधिमा सम्पादन भएका मुख्य मुख्य कामहरू निम्नानुसारको रहेको छ।

- विगत केही वर्षदेखि हुन नसकेको नेपाल-भारत डुबान तथा बाढी व्यवस्थापन सम्बन्धी संयुक्त समिति (Joint Committee on Inundation and Flood Management-JCIFM) को १५ औं. बैठक मिति २०८३ श्रावण १७ देखि २२ गतेसम्म नेपालमा सम्पन्न भएको छ।
- हरित जलवायु कोष (GCF) मा ४८.०८ मिलियन अमेरिकी डलर लागतको फोहोरबाट ऊर्जा उत्पादन गरी जलवायु परिवर्तन न्यूनीकरण गर्ने आयोजना प्रस्ताव अर्थ मन्त्रालयको सहमति लिई पेश गरिएको छ। साथै, नेपालको Energy Transition सम्बन्धी ९९५,७७६ अमेरिकी डलर बराबरको Readiness Support प्रस्तावका लागि अर्थ मन्त्रालयको सहमति प्राप्त भई GCF मा पेश गरिएको छ।
- मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण क्षति भएका धादिङ्ग, नुवाकोट र रसुवा जिल्लाको सम्पूर्ण क्षेत्रमा सेवा सुचारू गरिएको छ। साथै, भोटेकोशी

वाढीका कारण करिब १० प्रतिशत विद्युत प्रणाली प्रभावित भए पनि राष्ट्रिय प्रसारण प्रणालीलाई सन्तुलित राख्दै आगामी हिउँदमा बढ्ने विद्युत मागलाई सहज रूपमा व्यवस्थापन गर्न प्रसारण तथा वितरण लाइन सुदृढीकरण गर्ने कार्य शुरु गरिएको छ।

- मन्त्रालय अन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रमार्फत अति जोखिमयुक्त हिमतालहरूको जोखिम न्यूनीकरण गर्न यस आर्थिक वर्षदेखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को प्राविधिक सहयोग तथा हरित जलवायु कोष (Green Climate Fund GCF) र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन हुने "ग्लफ संजीवनी आयोजना" अघि बढाइएको छ।
- जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले बाढी पूर्वानुमान र पूर्व-सूचना सम्बन्धी सेवामा थप सुधार गर्दै मिति २०८३ असोज ०७ गते देखि प्रमुख नदीहरूको बाढीको पूर्वानुमानको समयावधि ३ दिनबाट ५ दिन तथा स-साना नदीहरूमा आकस्मिक बाढीको जोखिम पूर्वानुमान १ दिन (२४ घण्टा) बाट २ दिन (४८ घण्टा) सम्म विस्तार गरेको छ।
- नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८३ संघीय संसदमा दर्ता भएको छ।

आ.व. २०८३/८४ को साउनदेखि असोजसम्मको सूचकहरू:

ऊर्जा :

१. हालसम्ममा ४ हजार २ सय ७९ मेगावाट विद्युत उत्पादन भई राष्ट्रिय प्रणालीमा जडान भएको।
२. हालसम्म ६६ के.भि. भन्दा माथिका करीव ७ हजार १ सय ३० सर्किट किलोमिटर प्रसारण लाइन तथा १५७५१ एम.भि.ए. क्षमताको सवस्टेशन निर्माण भएका छन्।
३. हालसम्म ३३ के.भि. का करीव ८ हजार ४ सय ६९ सर्किट किलोमिटर प्रसारण लाइन तथा ५४७० एम.भि.ए. क्षमताको सवस्टेशन निर्माण भएका छन्।
४. विद्युत चुहावट १२.२६% मा रहेको छ।
५. प्रतिव्यक्ति विद्युत खपत ४ सय ८१ किलोवाट घण्टा पुगेको छ।
६. हालसम्म राष्ट्रिय विद्युत प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युतमा पहुँच प्राप्त जनसंख्या ९९% पुगेको छ।

७. यस अवधिमा विद्युत निर्यात १ हजार २ सय ३० गिगावाट घण्टा भएको छ भने विद्युत आयात करिव ७० गिगावाट घण्टा भएको छ।

८. हालसम्म सौर्य विद्युत उत्पादन क्षमता ७५.२९ मेगावाट पुगेको छ। साथै हालसम्म लघु तथा साना जलविद्युत आयोजनावाट ४१.३४ मेगावाट विद्युत उत्पादन भएको छ।

९. यस अवधिमा सूचना माग सम्बन्धी ११ वटा निवेदन प्राप्त भएको र सबै निवेदन उपर नियमानुसार कारवाही भई सूचना/जानकारी समयमा उपलव्ध गराइएको।

जलस्रोत तथा सिंचाई:

जलस्रोत तथा सिंचाइ विभाग :

१. हालसम्म सिंचाइ सुविधा (संघीयस्तर मात्र) १५,९५,१२७ हेक्टर जमिनमा सिंचाइ पुगेको छ।

२. सिंचाइयोग्य भूमिमध्ये वर्षैभरी सिंचाइ सुविधा पुगेको भुमि ५,३७,७७२.२ हेक्टर रहेको छ।

३. कृषियोग्य जमिनमा भूमिगत सिंचाइ सुविधा ५,४८,६०९.२ हेक्टर पुगेको छ।

४. कृषियोग्य जमिनमा लिफ्ट र जलाशय सिंचाइ सुविधा ६२७५ हेक्टर पुगेको छ।

५. कृषियोग्य जमिनमा सतह सिंचाइ सुविधा १०,४०,२४४ हेक्टर पुगेको छ।

६. ठुला तथा मझौला नदीमा तटबन्धन निर्माण १५६०.१५ कि.मि. भएको छ।

७. साथै तटबन्ध निर्माणबाट जग्गा उकास १४,४५२.३८ हेक्टर भएको छ।

जल तथा मौसम विज्ञान विभागः

१. स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन १९० वटा सम्पन्न भएका छन ।

२. स्वचालित मौसम मापन केन्द्र स्थापना र सञ्चालन ३७० वटा सम्पन्न भएका छन ।

३. मौसमी राडार स्थापना र सञ्चालन गर्ने (संख्या) ३ वटा सम्पन्न भएका छन ।